अर्जुनधारा नगरपालिका

**नगर कार्यपालिकाको बैठक**

बैठक संख्या: ९६

मिति:२०७७/०३/२१

उपस्थिति:

| | | | |
|---|---|---|---|
| नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | सदस्य | |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | सदस्य | |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | सदस्य | |
| कार्यपालिका सदस्य | श्री दिलिप गुड्ग | सदस्य | |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| आमन्त्रित | " चूडामणि निरौला | | |
| " | | | |

अर्जुनधारा नगरपालिका

*नगर कार्यपालिकाको बैठकका निर्णयहरु बैठक संख्या १६* *मिति २०७७/०४/०४*

१. अर्जुनधारा नगरपालिका वडा नं ३ मा रहेको श्री जनता माध्यमिक विद्यालयको च.नं.१/०७७/०७८ मिति २०७७/०४/०२ को पत्रबाट अनुरोध भई आए बमोजिम उक्त विद्यालयको भवन निर्माणका लागि यस नगरपालिकाबाट २० प्रतिशत रकम लागत साझेदारीमा व्यहोर्ने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भारतीय राजदुतावासमा लागत साझेदारीको प्रतिबद्धता सहित प्रस्ताव पठाउने ।

२. प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेबाट अन्य स्वास्थ्य संस्थामा रेफर गरिने बिरामीको चाप दिनानुदिन बढ्दै गईरहेको सन्दर्भमा बिरामीहरुको सुविधाका लागि उक्त केन्द्रमा एउटा एम्बुलेन्स अति आवश्यक भएकाले सम्बन्धित निकाय मार्फत भारतीय राजदुतावासमा एम्बुलेन्स उपलब्ध गराइदिन अनुरोध सहित प्रस्ताव पठाउने ।

३. क. साविक अर्जुनधारा गा.वि.स. क्षेत्र भित्र कार्यक्षेत्र भई सञ्चालनमा रहेको श्री महिला चेतना बहुउद्देश्यीय सहकारी संस्थाको कार्यक्षेत्र हाल अर्जुनधारा नगरपालिका क्षेत्र भरी हुने गरी संशोधन गर्ने ।
ख. शनिश्चरे साना किसान कृषि सहकारी संस्था लिमिटेडको संशोधित विनियम स्वीकृत गर्ने ।

४. अर्जुनधारा नगरपालिकाको स्वामित्वमा रहेको व्यवसायिक भवनमा कोठा बहालमा लिनु भएका स्व पशुपति भट्टराईको नाममा रहेको २०७६ मंसिर र पुष महिनाको बक्यौता भाडा मिनाहा गर्ने ।

५. आगामी २०७७ साल श्रावण ६ र ७ गते विपी स्मृति दिवश तथा पुष्पालाल स्मृति दिवश मनाउने सन्दर्भमा मिति २०७७/०४/०५ गते भएको सर्वपक्षीय बैठकको निर्णय अनुमोदन गर्ने । सो अनुसार नगरपालिका कार्यालयको संयोजन,वडा कार्यालयको व्यवस्थापन तथा सामुदायिक वन समितिको आयोजनामा आ आफ्नो क्षेत्रमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने ।

६. नदिजन्य सामाग्री उत्खननका लागि निषेधित समयमा सामाग्री उत्खननका गरी पिक अप लगायत हलुका सवारी साधनले समेत ओसार पसार गरेको भेटिएकाले त्यस्ता सवारी साधनलाई रु ५०००/- (पाँच हजार मात्र ) बमोजिम जरिवाना लगाउने ।

७. लोक सेवा आयोगबाट सिफारिस भई यस नगरपालिकाबाट स्थायी नियुक्ती भएका कर्मचारीहरुका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १२ मिति २०७७/०४/०१ को पत्रसाथ संलग्न कार्यसम्पादन मूल्यांकन फारम स्वीकृत गर्ने ।

८. यस नगरपालिकाका आधारभुत विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्ने सातौं नगर सभाको निर्णयानुसार स्थानीय पाठ्यक्रमको मस्यौदा तयार गर्न देहायानुसारको मस्यौदा समिति गठन गर्ने ।

| | |
|---|---|
| शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख श्री तोयानाथ रेग्मी | संयोजक |
| प्रमुख,शनिश्चरे बहुमुखी क्याम्पस,श्री मोहन ओली | सदस्य |
| प्रधानाध्यापक,भानु मा वि,श्री रुपक दाहाल | सदस्य |
| शिक्षक,श्री महारानीगञ्ज मा वि श्री सूर्य सापकोटा | सदस्य |
| अध्यक्ष,नेपाल शिक्षक महासंघ,अर्जुनधारा श्री पुण्य सुवेदी | सदस्य |
| शिक्षक,शनिश्चरे बहुमुखी क्याम्पस,श्री मिनिता काफ्ले | सदस्य |
| अध्यक्ष,प्याब्सन,अर्जुनधारा श्री रुद्रप्रसाद सिटौला | सदस्य |

९. यस नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुको आगामी आर्थिक वर्षका लागि लाभग्राहीको विवरण श्रावण मसान्त सम्ममा नविकरण गर्नुपर्ने भएकाले सो कार्यलाई प्रभावकारी बनाउनका लागि सबै वडा सचिवहरुलाई नगरपालिका कार्यालयले कार्यतालिका बनाई दिउँसो १ बजे देखि ५ बजे सम्म नविकरण शिविर सञ्चालन गर्न खटाउने ।

१०. अर्जुनधारा नगरपालिका वडा नं ४ बाँगेडाँगी स्थित टाङटिङ नदि कटान रोकथामका लागि नगरपालिकको विपद व्यवस्थापन कोषबाट विनियोजित रु १५००००/- (एक लाख पचास हजार मात्र ) अनुमोदन गर्ने ।

**११.** अर्जुनधारा नगरपालिका भएर बहने नदिहरुको बिचमा रहेको नदिजन्य सामाग्रीको ढिस्को तथा थुप्रिएका सामाग्रीहरुका कारण नदिको धार परिवर्तन भई नदि कटान तथा गाउँ पस्ने सम्भावना रहेकाले निम्न स्थानहरुमा थुप्रिएका ढिस्को फुटाउनका अनुमतिका लागि जिल्ला दैवी प्रकोप व्यवस्थपान समिति समक्ष अनुरोध गर्ने।

१. अर्जुनधारा -४ स्थित बिरिङ नदि बिचमा रहेको ढिस्को

२. अर्जुनधारा -१ सातकटेरीको सानो नेते खोला प्रेम सारु मगरको घर पश्चिम १०० मि डिल

३. अर्जुनधारा-१ चन्द्र खत्रीको घर पश्चिम चक्रिय पैनीको मुहान जोगाउन

४. अर्जुनधारा-३ स्थित सुखानी टाङटिङ दोभान क्षेत्र

५. अर्जुनधारा-३ स्थित अमलडाँगी क्षेत्र

**१२.** नेपाल सरकारको स्थानीय स्तरका सडक पुल था सामुदायिक पहुँच सुधार परियोजना अन्तर्गत अर्जनुधारा नगरपालिका वडा नं १ बुधबारेबाट जयपुर हुँदै इलामको रोङ गाउँपालिका जोड्ने ठूलो नेते खोलामा पुल निर्माणका लागि रु २० लाख विनियोजन भएकामा उक्त पुलको नगरपालिकाद्वारा निर्मित विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार अनुमानित बजेट रु ५,५१,२१,५६८.९९(पाँ करोड एकाउन्न लाख एक्काइस हजार पाँच सय अड्सठ्ठी रुपैया उनान्सय पैसा ) लागत लाग्ने देखिएको र उक्त लागत स्थानीय तहबाट मात्र जुटाउन कठिन हुने भएकाले उक्त योजनालाई प्रदेश मार्फत सञ्चालन हुने गरी आवश्यक व्यवस्था मिलाईदिनका लागि प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय समक्ष अनुरोध गर्ने।

हरी कुमार राना मगर
नगर प्रमुख